जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक २७१ | २०८२ साल जेठ २० गते मंगलबार (3 June 2025 Tuesday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**
लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पर्यटन, संस्कृति र शान्तिको ... ३ पृष्ठमा : वीरगञ्ज नाकाबाट १० ... ३ पृष्ठमा : विमानमा सर्प : विषालु ...

## सेना बिपद् प्रतिकार्यका लागि उच्च सतर्क र तयारी अवस्थामा बस्नु पर्छ : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**रौतहट, १९ जेठ ।**

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखी बिपद ब्यबस्थापन र प्रतिकार्य नागरीकसँग प्रत्यक्ष सरोकारको बिषय भएकाले प्रदेश सरकारको प्राथमिकतामा पर्नु पर्ने बताएका छन् ।

रौतहट जिल्लाको चन्द्रपुर नगरपालिकास्थित नुनथर बागमती नदीमा सोमबार नेपाली सेनाको मध्यपुर्वी पृतनाको आयोजनामा बिपद प्रतिकार्य सम्बन्धी हातेमालो अभ्यासको सातौ संस्करण २०८२ को समापन अवसरमा उनले यस्तो बताएका हुन् ।

"विपद व्यवस्थापन र प्रतिकार्य जस्ता बिषय नागरीकसंग प्रत्यक्ष सरोकार राख्ने बिषय भएकोले प्रदेश सरकारको बजेट बाँडफाँडमा यस विषयलाई प्राथमिकतामा राख्नु जरुरी छ । उनले भने, "बर्सेनि हुने गरेको बाढी, पहिरो, भू-क्षय, आगलागी, कटान, डुवान जस्ता विपदका कारण हुने गरेको जनधन र भौतिक क्षतिलाई मध्यनजर गरि गरिएको आजको अभ्यास महत्वपुर्ण छ ।"

गृहमन्त्री लेखीले बाढी पहिरोका कारण बर्सेनी हुने मानवीय तथा भौतिक क्षतिलाई न्युनिकरण गर्न यस्ता बिपद प्रतिकार्य कार्यक्रमको महत्वपूर्ण भुमिका रहने गरेको उल्लेख गरे । उनले मौसमविद्हरुले यस बर्ष ३० बर्ष यताकै उच्च वर्षा हुने पुर्वानुमान गरिरहेको बेला सम्भावित जोखिम समेत उच्च रहेकाले नेपाली सेना बिपद् प्रतिकार्यको लागि उच्च सतर्क र तयारी अवस्थामा बस्नु पर्ने बताए ।

सरकारका प्रवक्ता समेत

***बाँकी दुई पृष्ठमा***

## सार्वजनिक सवारीसाधन नचल्दा यात्रुलाई सास्ती

**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ ।**

निजी प्रयोजनका लागि दर्ता गरिएका रातो नम्बर प्लेटको सवारीसाधनलाई गण्डकी प्रदेश सरकारले भाडाका सवारीसाधन सरह प्रयोग गर्न दिन लागेको भन्दै यातायात व्यवसायीले गरेको आन्दोलनका कारण यात्रुले सास्ती पाएका छन् ।

गण्डकी प्रदेश सरकारले गरेको निर्णयको विरोधमा व्यवसायीले यात्रुवाहक सार्वजनिक सवारीसाधन ठप्प पार्दा सप्तरीमा पनि यसको असर परेको छ ।

छोटो दुरीका सवारीसाधनहरु चले भने लामो दुरीका सवारीसाधन चल्न नसक्दा यात्रुहरुलाई कठिनाई भोग्नु परेको छ ।

सार्वजनिक यातायात बचाउ केन्द्रीय सङ्घर्ष समितिले आइतबार प्रेस विज्ञप्ती जारी गर्दै सोमबारदेखि देशभर यात्रुवाहक सार्वजनिक सवारीसाधन अनिश्चित कालका लागि ठप्प परेको जनाएको छ ।

व्यवसायीले राखेको मागप्रति सरकार गम्भीर नबन्दा गरिएको सवारीसाधन बन्दले देशभरका यात्रुहरूले दु:ख मात्रै पाएका छैनन् अत्यावश्यक कामसमेत ठप्प भएको छ ।

## पूर्वाधार सहितको प्राविधीक र गुणस्तरीय शिक्षा आवश्यक : मन्त्री सुडी



**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ ।**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले परम्परागत शिक्षाको ढाँचा परिवर्तन गर्दै आवश्यक पुर्वाधार सहितको प्राविधीक र गुणस्तरीय शिक्षा आजको आवश्यक्ता रहेको बताएका छन ।

सोमवार एकै दिन आफ्नो गृहजिल्ला सप्तरीको चार वटा सामुदायीक विद्यालयमा बन्दै गरेको नयाँ भवनको अनुगमन गर्दै मन्त्री साहले यस्तो बताएका हुन् ।

***बाँकी अन्तिम पृष्ठमा***

## लक्ष्मीको हत्या भएको परिवारको दाबी

**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ ।**

सप्तरीको महादेवा गाउँपलिका २ की २४ वर्षिया लक्ष्मी कुमारी मण्डलको आत्महत्या नभई हत्या भएको परिवारजनले दाबी गर्दै आएका छन् ।

विराटनगरस्थित नोबेल अस्पतालमा स्टाफ नर्स पदमा कार्यरत उनी अस्पताल नजिकै डेरा लिई वसेको कोठामा जेठ १२ गते मृत अवस्थामा फेला परेकी थिइन ।

सिलिङ फ्यानमा गम्छा र साडी जोडेर बनाइएको पासो घाँटीमा लगाएर झुण्डिएको अवस्थामा उनको मृत शरीर प्रहरीले फेला परेको थियो ।

सोमवार मृतका वुवा हनुमान मण्डलले राजविराजमा संचारकर्मीहरुलाई भेटेर हत्यालाई आत्महत्या देखाउन मारेपछी झुण्ड्याइएको दाबी



गरेका छन ।

छोरी एक्लै भएको मौका छोपी अर्को कोठामा रहेका उनकै साथीहरु मध्ये कोही भेन्टिलेशनबाट छिरेर छोरीलाई मारेर झुण्ड्याइएको उनको दाबी छ । लक्ष्मी बस्ने कोठमा ठूलो भेन्टिलेशन रहेको र एक्कै पल्ट दुई जना सम्म मान्छे छिर्ने अवस्थामा रहेको भन्दै उनले घट्नाको सत्यतथ्य छानवीन र दोषीलाई कारवाही हुनु पर्ने माँग गरेका छन ।

हत्या हुनु एक घण्टा अघि बजारबाट तरकारी किनेर ल्याएको र आफुहरुसंग फोनमा कुरा गरेको भन्दै मृतकका भाई लव प्रकाशले बताए । उनले घट्नाबारे दिदी कै साथी रुबी चौधरीले जेठ १३ गते विहान फोन गरेपछी आफुहरु

***बाँकी अन्तिम पृष्ठमा***

**घरभाडा चाहिएमा**
राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्र मेनरोडमा पसल, संघ-संस्था, बैंक, बित्तिय संस्था, विमा कम्पनी लगायत प्रयोजनका लागि सटर तथा कोठाहरु भाडामा चाहिएमा समपर्क गर्नुहोस् ।
राजविराज ४
९८४२८२१०८२, ९८१९७२५०८२

**डिप्रेसनका लक्षण**

मानसिक रुपमा:
❖ उदास, निराश वा एक्लोपन महसुस गर्नु,
❖ कुनै पनि कुरामा चासो नलिनु वा कम हुनु,
❖ आत्मबल घट्नु वा आत्मग्लानि हुनु वा दोषी महसुस हुनु,
❖ निर्णय लिन नसक्नु वा कठिन हुनु,
❖ आत्महत्याका विचार आउनु,
शारीरिक र व्यवहारिक लक्षणहरू:
❖ निन्द्रा कम लाग्नु तथा सुत्न नसक्नु,
❖ भोक नलाग्नु वा अत्यधिक भोक लाग्नु,
❖ तौलमा परिवर्तन आउनु,
❖ सामान्य काममा थकान महसुस हुनु,
❖ पुरै शरीर दुख्नु वा शरीरका कुनै भागमा पीडा महशुस हुनु,
❖ सामाजिक गतिविधिमा चासो नहुनु,
यस्ता लक्षण देखिएमा चिकित्सकको परामर्श लिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### भन्सारमा लापरवाही

राजविराज भन्सार कार्यालयमा चञरम लापरवाही भइरहेको छ । तञर, सम्बन्धीत निकाय त्यसप्रति कुनै चासो समेत लिएको देखिदैन् । भन्सारका कार्यालयले भारतीय नम्बरका गाडीहरुलाई मनपञरी रकम असुल्ने गरेका छन् । राजविराज भन्सार कार्यालयका कर्मचारीहरुले भारतीय नम्बरका सवारीसाधनहरुबाट सञरकाञरले तोकेको ञरकम भन्दा बढी ञराजस्व लिने गञरेका छन् । तञर, ञरसिद भने सञरकाञरले तोके बमोजिम नै दिने गञरेको छ ।

जसकारण भन्सार कार्यालयका कर्मचारीहरुका कारण कार्यालय नै बदनाम भइरहेका छन् । सरकारले तोकेको राजश्व भन्दा बढी रकम लिने परिपाटीका कारण अहिले यो भन्सार कार्यालय आलोचित बन्दै गएको छ । कर्मचारीहरुले भन्सार शुल्कमा मात्र नभएर एक दिनका लागि सीमा नजिकको बजारसम्म आउजाउ गर्न निशुल्क प्रदान गरिने सुविधा पासमा समेत मान्छे हेरी हेरी भारतीय सवारीधनीसँग ञरकम असुल गर्ने गरेको छ । भारतबाट दैनिक दर्जनौं सवारीसाधन नेपाल भित्रिने गर्छ । यसरी लिएको रकमको प्रमाण नहुने तथा अनुगमन गर्ने निकाय पनि मौन रहनाले भन्सारका कर्मचारीहरु होसिएका छन् ।

तसर्थ यस्ता कार्यहरुप्रति भन्सार कार्यालय आगामी दिनमा सचेत हुनु जरुरी छ । यस्ता गतिविधी रोक्न र भन्सार कार्यालयको साख जोगाउन सम्बन्धीत निकायले यस्ता रबैयाप्रति अनुगमन गरि दोषिमाथी कारवाही गर्नु पनि उत्तिकै जरुरी छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# पर्यटन, संस्कृति र शान्तिको सन्देश

**दिलीप प्रकाश कार्की**

काठमाडौँ, १९ जेठ (रासस) ।

सगरमाथाको चुचुरोसँगै उठेको सपना थियो-'पर्यटनलाई समृद्धिको आधार बनाउने ।' त्यही सपना साकार पार्न नेपाल पर्यटन बोर्ड ऐन, २०५३ कार्यान्वयनमा आएपछि २०५५ सालमा नेपाल पर्यटन बोर्डको स्थापना भयो ।

सांस्कृतिक र प्राकृतिक सम्पदाले भरिपूर्ण नेपालको छविलाई संसारभरका पर्यटकसम्म पुर्‍याउन स्थापनादेखि नै बोर्डले विभिन्न क्रियाकलाप गर्दै आएको छ । केवल गन्तव्यको प्रवर्द्धनमा मात्र सीमित नरही बोर्डले हिमालको शान्ति, जङ्गलको रहस्य र संस्कृतिको मिठासलगायतका नेपाली सम्पदाका आत्मालाई विश्वसामु पस्किने गरी काम गरिरहेको छ । कुनै समय ठमेलका गल्ली र पोखराको लेकसाइडमा मात्र झुम्मिने विदेशी पर्यटक यतिबेला नेपालका कुनाकुनासम्म पुग्ने थालेका छन् । पहिले तीर्थाटनमा मात्र घर बाहिर जाने गरेका नेपालीमा अहिले विभिन्न स्थानमा आन्तरिक पर्यटकको रूपमा घुमफिर गर्ने प्रचलन ह्वात्तै बढेर गएको छ ।

नेपाल पर्यटन बोर्डको बोर्डको प्रयासमा नयाँ गन्तव्य उजागर भइरहेका छन्, पुराना कथालाई नयाँ स्वादमा पस्कने क्रम जारी छ । बौद्ध तीर्थयात्रीको चित्तशान्तिको कामना होस् वा साहसिक हिमाली पदयात्रामा रमाउने युवा नै किन नहुन्, सबैका पाइला नेपाली भूमिको स्पर्श गर्न लालायित छन् । जहाँ प्रत्येक पाइलाले एउटा कथा बोल्छ, प्रत्येक दृश्यको स्मरणले मात्र पनि मन प्रशन्न हुन्छ । यो केवल पर्यटनको यात्रा मात्र होइन, नेपाललाई फर्कीफर्की हेर्न चाहने मनकल ो सम्मिलन पनि हो । पर्यटकमा त्यही मनोभाव बगाइरहने वातावरण सिर्जना गर्दै बोर्डले निरन्तर आफ्ना योजना बनाइरहेको छ, नीतिहरूमा सुधार गरिरहेको छ र समयानुकूल रणनीति र क्रियाकलाप परिवर्तन गरिरहेको छ । बोर्डका लागि पर्यटन केवल 'गन्तव्यको व्यापार' मात्र होइन, यो त विचार, संस्कृति र संवेदनाको अन्तरराष्ट्रिय संवाद पनि हो । यही सन्देश लिएर बोर्ड सन् २०२५ को मार्च ८ र ९ मा अमेरिका, डेनभर ( कोलोराडो) मा सम्पन्न 'ट्राभल एण्ड एड्भेन्चर शो २०२५' मा सहभागी भयो । दुई दिनसम्म चलेको यस भव्य मेलामा २५० भन्दा बढी अन्तरराष्ट्रिय पर्यटन व्यवसायी सहभागी भए, जहाँ ११ हजारभन्दा बढी आगन्तुकले नेपालका गन्तव्यलाई आँखामा अँगाले ।

अमेरिकामा मात्र होइन, आइटिबी बर्लिनमा सहभागी भएको नेपालका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेलाई वर्षको उत्कृष्ट पर्यटनमन्त्रीको उपाधिबाट सम्मानित गरियो । पर्यटनमन्त्री पाण्डेको नेतृत्वमा फ्रान्स पुगेको नेपाल पर्यटन बोर्डको प्रतिनिधिमण्डलाई त्यहाँको सरकारले नेपाली पुरातात्विक सम्पदा फिर्ता गर्ने प्रतिबद्धतासमेत दियो । विभिन्न कालखाण्डमा चोरी-तस्करीबाट फ्रान्स पुर्‍याइएका नेपाली ऐतिहासिक सम्पदा फिर्ता हुने क्रम जारी छ । युरोपका विभिन्न मुलुक पुगेर नेपालका गन्तव्य, नेपाली कला-संस्कृति र खान्की तथा आतिथ्यता प्रवर्द्धनमा लागिरहेको बोर्डले युद्ध लडिरहेको रुस पुगेर शान्तिको कामना गर्‍यो । रुसी नागरिकलाई युद्धबाट पर पुगेर बुद्धको जन्मस्थल, संसारको सबैभन्दा उचो शिखर सगरमाथा हेर्न निमन्त्रणा दियो । बोर्डले संसारका हरेक कुनामा पुगेर नेपालको आत्मा संसार सामु खोलेर देखाउने प्रयत्न जारी राखेको छ । जहाँ हिमालका कुरा मात्र हुँदैनन्, शान्तिका सन्देश पनि प्रसार भइरहेका हुन्छन् ।

अमेरिका र युरोपका पर्यटकको लागि साहसिक हिमाली यात्राको आकर्षण बनाएको नेपाललाई बोर्डले म्यानमार, थाइल्यान्डजस्ता बौद्ध बहुल राष्ट्रका लागि 'लुम्बिनीको शान्ति सन्देश'को केन्द्रमा रह्यो । छिमेकी भारत र चीनका लागि नेपालले धार्मिक सहिष्णुता र बहुसांस्कृतिक सौन्दर्यको उदाहरण त प्रस्तुत गरिरहेकै छ, संयुक्त अरब इमिरेट्सलगायतका मुस्लिम मुलुकमा पनि नेपाली धार्मिक सहिष्णुता र संस्कृतिको प्रवर्द्धन गरिरहेको छ । नेपाली खानाको स्वाद चखाउने, नेपाली कलाको विविधता प्रस्तुत गर्ने जिम्मेवारी बोर्डले निरन्तर निर्वाह गर्दै आइरहेको छ ।

अन्तरराष्ट्रिय जगतमा नेपालको यो सहभागिता केवल 'डेस्टिनेसन शोकेसिङ'मा सीमित रहेन, नेपालले पर्यटनमार्फत संवादको वातावरण पनि सिर्जना गर्‍यो । बोर्डले विश्वभरका आगन्तुकलाई नेपाल डाक्न बुद्धिस्ट इन्टरनेशनल ट्राभल मार्ट, हिमालयन ट्राभल मार्ट र सगरमाथा संवादजस्ता अन्तर्राष्ट्रिय कार्यक्रम आयोजना गर्दै आफ्नो 'सफ्ट-पावर' मार्फत् देशको सामर्थ्यसमेत प्रस्तुत गरिरहेको छ । बोर्डले विदेशमा गएर कार्यक्रम त गर्छ नै, विदेशीलाई नेपाल बोलाएर पनि कार्यक्रम उतिकै संख्यामा गरिरहेको छ । बोर्ड विदेशी पाहुनालाई स्थानीय गन्तव्यमा पुर्‍याउने काममा पनि निरन्तर लागिरहेको छ । साथै, ग्रामीण पर्यटन प्रवर्द्धनका लागि पनि विभिन्न प्रदेशमा ट्राभल मार्ट गर्नेदेखि गाउँ पर्यटन मार्टकोसमेत अवधारणामानिरन्तर काम गर्दै यसका सम्भावना उजागर गर्ने र चुनौती चिर्ने विषयमा बहस गर्दै आएको छ ।

पछिल्लो तीन महिनामा बोर्डले स्वदेश तथा विदेशमा पाँच दर्जनभन्दा बढी पर्यटन प्रवर्द्धनका कार्यक्रम गरिसकेको छ । नेपाल सरकारको पहलमा भएको सगरमाथा संवादको व्यवस्थापन गर्ने र पर्यटनमा जलवायु परिवर्तनले पारेको असरबारे बोर्डले छलफल गराएको छ । सगरमाथा संवाद केवल सम्मेलनमा मात्र सीमित बनेन, जलवायु न्याय, सामाजिक समावेशीता र पर्यटनबारे पुनःविचार गर्ने बहसको फोरम पनि बनेको छ । जलवायु परिवर्तनले पर्यटकीय क्षेत्रमाथि पारेको प्रत्यक्ष असरबारे बहस भएको छ । वायु प्रदूषणले नेपाल छवि र हिमालको सुन्दरतालाई छोपिदिँदा पर्यटन उद्योगले भोग्नुपरेको पीडालाई र आगामी रणनीतिबारे पनि बोर्डले सरोकारवाला निकायसँग छलफल गराएको छ । बोर्डले नेपालको पर्यटन क्षेत्रमा महिलाको भूमिका र प्रविधिले सिर्जना गरेका समस्या र सहजताका विषयमा पनि बहस र छलफल गराएको छ ।

यसले सरकारलाई दीर्घकालीन नीति र योजना बनाउन सुझाव दिने कामसमेत गरेको छ । सरकार र निजी क्षेत्रबीच सेतुको रूपमा काम गर्दै आएको छ, बोर्डले कहिले सगरमाथाको आधार शिविरमा पुगेर आरोही, टुर गाइड, भरिया र आरोहणसँग सम्बन्धित व्यक्ति र निकायका समस्या सुन्ने गरेको छ,भने कहिले सात समुद्रपारी गएर विदेशीलाई नेपाल घुम्न उत्प्रेरित गरिरहेको छ । भुटानमा सम्पन्न 'ग्रामीण पर्यटनमा दक्षिण एसियाली महिला सम्मेलन'मा सहभागी भएर बोर्डले नेपालको महिला-नेतृत्वमा आधारित होमस्टे प्रणाली, ग्रामीण महिलाको स्वरोजगार र स्थानीय उत्पादनलाई पर्यटनसँग जोड्ने मोडेल प्रस्तुत गर्‍यो । जसमा नेपाल, भारत, भुटान, बङ्गलादेश, माल्दिभ्स, श्रीलङ्का र अफगानिस्तानका महिला नेतृ र विज्ञहरूबीच बहस भएको थियो । शान्तिका दूत गौतमबुद्धको जन्मस्थान नेपाल भएकाले बुद्धिस्ट इन्टरनेशनल ट्राभल मार्ट ( बिआइटीएम) गर्दै विश्व शान्तिको कामनासमेत बोर्डले गरिरहेको छ । २०२५ मे २३ देखि २५ सम्म काठमाडौं र लुम्बिनीमा आयोजना भएको छ । बिआइटीएममार्फत् नेपालले नेपाललाई बौद्ध, आध्यात्म र शान्ति पर्यटनको विश्व केन्द्रको रूपमा स्थापित गरिने प्रतिबद्धता जनाएको छ । मुलुक शान्ति र समृद्धिको नयाँ युगतर्फको यात्राको रहेकाले विश्व शान्तिको चाहना राख्नेलाई नेपाल भ्रमण गर्नसमेत आग्रह गरिएको छ ।

त्यसैगरी, जुन महिनाको पहिलो साता हिमालय ट्राभल मार्ट गर्ने भएको छ । बिआइटीएम धर्म र शान्तिका लागि पर्यटन प्रवर्द्धन गर्ने माध्यम हो भने, हिमालयन ट्राभल मार्ट (एचटीएम) साहस, सांस्कृतिक मिश्रण र हिमालप्रतिको आकर्षणको आह्वान हो । यसमा साहसिक पर्यटनका लागि नेपाललाई पूर्वाधार, सेवा र सुरक्षा दृष्टिले सक्षम गन्तव्यका रूपमा चिनाउने लक्ष्य लिएको छ । नेपाल पर्यटन बोर्डले डिजिटल रूपमा पर्यटन सेवा प्रदायक, अन्तरराष्ट्रिय खरिदकर्ता र मिडियालाई जोड्ने सञ्चार प्लेटफर्म विकास गरेको छ । यहाँबाट बिटुबी सञ्जाल निर्माण, टुर प्याकेज प्रवर्द्धन, क्यालेन्डर कार्यक्रम र ट्रेड म्याटेरियल उपलब्ध गराउने गरेको छ । आजको नेपाल केवल सगरमाथा आरोहण, पदयात्रा वा साहसिक पर्यटनको गन्तव्यमा मात्र सीमित छैन । नेपाललाई संवेदनशील, जिम्मेवार र अनुभवमा आधारित पर्यटनको अन्तरराष्ट्रिय नेतृत्व गर्न सक्षम बनाउने रणनीति अख्तियार गरिएको छ । भूगोल, वेषभूषा, भोजन र भावना-यी सबै नेपालका सम्पत्ति हुन् । संस्कृति र प्रकृतिको अनुपम केन्द्र नेपालका यिनै सम्पदालाई बोर्डले अन्तरराष्ट्रिय जगतमा प्रस्तुत गर्दै पर्यटकीय राष्ट्रको छवि निर्माण गरिरहेको छ । हिजोको 'पर्यटकीय गन्तव्य' आजको 'नीतिगत बहसको मञ्च' बनिसकेको छ ।

यसबीचमा सगरमाथा आरोहणको ७२औं वर्ष पूरा भएको अवसरमा आयोजित सगरमाथा दिवसमा नेपाल पर्यटन बोर्डले 'वर्ल्ड समिटर्स समिट' को आयोजना गरेको छ । यसमा सगरमाथा आरोहण गरेका र सगरमाथा क्षेत्रमा काम गरिरहेकालाई एउटै मञ्चमा ल्याएर हिमाल आरोहणका समस्या, चुनौती र समाधानका उपायबारे गम्भीर र जिम्मेवार बहस चलाएको छ । नेपाल सरकारले नेपालको पर्यटन नीति सुधारका लागि 'राष्ट्रिय पर्यटन संवाद' सञ्चालन गरेको छ । बोर्डको समन्वयमा गरिएको यस कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले नै नीति सुधारका लागि सरोकारवाला निकायको सुझाव महत्वपूर्ण भएको र सुझाव अनुसार नीति बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । बोर्ड अब एउटा संस्थामा मात्र पनि सीमित रहेन, यो त नेपालका सपना, सम्भावना र संस्कृतिको संवाहक बनेको छ- जहाँ गन्तव्यहरू बोल्छन्, संस्कृति गुञ्जिन्छ, र प्रत्येक आगन्तुकको हृदयमा सधैंका लागि नेपाल बस्न थाल्छ । आखिर, जुन देशका आकाशमा सगरमाथा मुस्कान बन्न उभिन्छ, त्यो देशको पर्यटन सपना मात्र होइन, विश्वलाई देखाउने सन्देश हुन्छ- शान्ति, संस्कृति र संवेदनाको सुन्दर संवाद । (लेखक कार्की नेपाल पर्यटन बोर्डसँग आबद्ध हुनुहुन्छ)

### सेना बिपद् ...

रहेको मन्त्री लेखीले नागरिकहरुको बाढी पहिरोका कारण हुन सक्ने क्षतिको न्युनिकरणका लागि तयारी अवस्थामा रहन नेपाली सेनालाई निर्देशन समेत दिए ।

कार्यक्रममा सहभागि मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले नेपाली सेनाले कम श्रोत साधनमा पनि राम्रो कार्य गरिरहेको भन्दै शान्ति सुरक्षामा पर्याप्त बजेट विनियोजन गर्ने आश्वासन दिए ।

यस बर्षको मनसुन भित्रिएसंगै बर्षाको कारण हुनसक्ने सम्भावित जोखिमलाई न्युनिकरण गर्ने उद्देश्यले बिपद प्रतिकार्यको हातेमालो अभ्यास गरिएको मध्य पुर्वी पृतना कार्यालयले जनाएको छ ।

# वीरगञ्ज नाकाबाट १० महिनामा एक खर्ब ५५ अर्बको पेट्रोलियम पदार्थ आयात

पर्सा, १९ जेठ (रासस) ।

चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्ज नाकामार्फत रु एक खर्ब ५५ अर्ब ९४ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्याँस ( एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात भएको हो ।

गत आवको सोही अवधिको तुलनामा चालु आवमा पाँचै थरिका पेट्रोलियम पदार्थको समग्र आयातमा रु एक अर्ब ३५ करोड रकम अर्थात ०.८६ प्रतिशतले गिरावट आएको हो ।

गत आवको १० महिनाको तुलनामा चालु आवको १० महिनामा पेट्रोलियम पदार्थको आयातमा गिरावट आएपछि समग्र पेट्रोलियम पदार्थबाट प्राप्त राजस्वमा भने उल्लेखनीय वृद्धि भएको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा पेट्रोलियम पदार्थको परिमाणको आधारमा आयात घटेपनि राजस्व सङ्कलनमा वृद्धि भएको बताउनुभयो ।

चालु आवको १० महिनामा पाँच थरिका पेट्रोलियम पदार्थ आयातबाट कार्यालयले रु ६४ अर्ब ५० करोड रकम राजस्व सङ्कलन गरेको छ । जबकी गत आवको सोही अवधिमा पाँचै थरिका पेट्रोलियम पदार्थ आयातबाट रु ५८ अर्ब ४८ करोड राजस्व सङ्कलन भएको थियो । गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा पेट्रोलियम पदार्थबाट सङ्कलन हुने राजस्व १०. ३१ प्रतिशतले वृद्धि भएको हो ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको वैशाख मसान्तसम्म रु ७९ अर्ब ५२ करोड मूल्य पर्ने नौ लाख २९७ किलोलिटर डिजेल आयात भएको छ । गत आवको सोही अवधिमा रु ८३ अर्ब ४७ करोड मूल्यपर्ने आठ लाख १३ हजार ८४६ किलोलिटर डिजेल आयात भएको छ ।

कार्यालयका अनुसार चालु आवमा डिजेल आयात वापत कार्यालयले रु ३५ अर्ब ७० करोड राजस्व सङ्कलन गरेको छभने गत आवको सोही अवधिमा रु ३२ अर्ब ७२ करोड राजस्व सङ्कलन गरेको थियो ।

चालु आवको १० महिनामा रु ३१ अर्ब ७१ करोड मूल्य पर्ने तीन लाख ६७ हजार ३४४ किलोलिटर पेट्रोल आयात भएको छ । जबकी गत आवको १० महिनामा रु ३२ अर्ब ६० करोड मूल्य पर्ने तीन लाख २६ हजार ३८७ किलोलिटर पेट्रोलको आयात भएको थियो ।

चालु आवको १० महिनामा पेट्रोल आयातबाट कार्यालयले २० अर्ब ७१ करोड राजस्व सङ्कलन गरेको छभने गत आवको सोही अवधिमा रु १८ अर्ब ७० करोड राजस्व सङ्कलन गरेको थियो । यो नाका हुँदै चालु आवको १० महिनामा रु ३० अर्ब २८ करोड मूल्य पर्ने रु २६ करोड ४१ लाख सात हजार ५४८ किलोग्राम एलपीजी ग्याँस आयात भएको छ ।

घ जबकी गत आवको सोही अवधिमा रु २५ अर्ब १९ करोड मूल्य पर्ने २३ करोड ५५ लाख ४५ हजार ७४० किलोग्राम एलपीजी ग्याँस आयात भएको थियो । कार्यालयले चालु आवको १० महिनामा एलपी ग्याँस आयात वापत रु पाँच अर्ब ६७ करोड राजस्व सङ्कलन गरेको छभने गत आवको सोही अवधिमा एलपीजी ग्याँस आयातबाट रु चार अर्ब ७० करोड राजस्व सङ्कलन गरेको थियो ।

वीरगञ्ज नाका हुँदै चालु आवको १० महिनामा रु १३ अर्ब ८८ करोड मूल्य पर्ने एक लाख ५३ हजार १९२ किलोलिटर एटिएफ आयात भएको छ । जबकी गत आवको १० सोही अवधिमा रु १५ अर्ब ४७ करोड मूल्य पर्ने एक लाख ४५ हजार ३३६ किलोलिटर एटिएफ आयात भएको थियो ।

कार्यालयले चालु आवको १० महिनामा एटिएफ आयात वापत रु दुई अर्ब १७ करोड राजस्व सङ्कलन गरेको छ । जबकी गत आवको सोही अवधिमा रु दुई अर्ब २२ करोड राजस्व सङ्कलन गरेको थियो । यो नाका हुँदै चालु आवको १० महिनामा रु ५५ करोड मूल्य पर्ने छ हजार १३० किलोलिटर मट्टितेल आयात भएको छ ।

जबकी गत आवको सोही अवधिमा ५६ करोड मूल्य पर्ने पाँच हजार ३६० किलोलिटर मट्टितेल आयात भएको थियो । कार्यालयले चालु आवको १० महिनामा मट्टितेल आयातबाट रु १५ करोड राजस्व सङ्कलन गऱ्यो भने गत आवको सोही अवधिमा पनि १५ करोड नै राजस्व सङ्कलन गरेको थियो ।

# सशस्त्र प्रहरीले मधेस प्रदेशमा डिजाष्टर भोलेन्टिर तयार पार्दै

पर्सा, १९ जेठ (रासस) ।

सशस्त्र प्रहरी बल, नेपालले मधेस प्रदेशका आठ वटै जिल्लामा मनसुन तथा विभिन्न प्राकृतिक प्रकोपको सामनाका लागि समुदायमा आधारित डिजाष्टर भोलेन्टिर (विपद् स्वयंसेवक) तयार पार्ने भएको छ ।

सशस्त्र प्रहरी बल मधेस प्रदेशका बाहिनीपति, सशस्त्र प्रहरी नायब महानिरीक्षक कृष्ण ढकालले प्राकृतिक तथा मनसुनजन्य प्रकोपका हिसाबले उच्च जोखिमयुक्त प्रदेश भएकाले पनि सामुदायमा आधारित विपद् स्वयंसेवक तयार पार्न लागिएको बताउनुभयो ।

“विपद्का समयमा कमभन्दा कम धनजनको क्षति होस् भन्ने उद्देश्य राखेर नै समुदायलाई नै विपद्सँग लड्ने गरी तयार गर्न लागिएको हो”, उहाँले भन्नुभयो, “प्रदेशका प्रत्येक जिल्लाबाट औसतमा २५ जनाको दरले स्वयंसेवक तयार पार्न लागिरहेका छौँ ।”

सशस्त्र प्रहरीले हाल प्रत्येक जिल्लामा २५ जनालाई २१ दिने विपद् स्वयंसेवक तालिम सञ्चालन गरिरहेको छ । यसका लागि रौतहटमा ३८, महोत्तरीमा २६, सर्लाहीमा २५, धनुषामा २५ र सप्तरीमा २५ गरी १३९ जना छनोट गरिएका छन् । बाँकी तीन जिल्ला बारा, पर्सा र सिरहा पनि २५-२५ जनाका दरले विपद् स्वयंसेवक तयार पार्ने तालिम छिट्टै सञ्चालन गरिने जनाइएको छ ।

सशस्त्र प्रहरी नायब महानिरीक्षक ढकालले विपद्को पहिलो उद्धारकर्ता स्थानीय नै हुने भएकाले पनि समुदायलाई बढी जिम्मेवार बनाउन खोजिएको बताउनुभयो । “जहिले पनि विपद्को पहिलो उद्धारकर्ता स्थानीय जनता नै हुने गर्छन”, उहाँले भन्नुभयो, “यसर्थ स्थानीय समुदायलाई जिम्मेवार बनाए मात्रै न्यून क्षति गर्ने प्रयासले सार्थकता प्राप्त गर्नेछ । कमभन्दा कम मानवीय क्षति होस् भन्ने उद्देश्य राखेर नै विपद् स्वयंसेवक तालिम दिँदै आइरहेका छौँ ।”

ढकालले सबै पालिकाका वडाहरूमा कम्तीमा २५ जना विपद् सूचकहरू तयार भएको र अब विपद्का घटनाबारे तुरुन्त सूचना दिने जनशक्ति निर्माण गरिने जानकारी दिनुभयो । यसका लागि प्रदेशका सबै पालिकासँग समन्वय गरी विपद् सूचकको फोन नं सहितको विवरण सङ्कलन भइसकेको उहाँले बताउनुभयो ।

# मधेस प्रदेशमा राष्ट्रिय शिक्षा सम्मेलन हुने

धनुषा, १९ जेठ (रासस) ।

मधेस प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयको आयोजनामा आगामी असार १० र ११ गते जनकपुरधाममा राष्ट्रिय शिक्षा सम्मेलन हुने भएको छ ।

सम्मेलनको उद्देश्य संघीयताअन्तर्गत शिक्षा क्षेत्रको नीति निर्माण, योजना, कार्यान्वयन र समन्वयमा नयाँ परिप्रेक्ष्य तय गर्नु रहेको छ । जनकपुरधाममा सोमबार आयोजित पत्रकार सम्मेलनमा शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्माले सम्मेलनका उद्देश्य, तयारी र सहभागितासम्बन्धी जानकारी गराउनुभयो ।

“हामी प्रदेश र स्थानीय तहका यथार्थ, चुनौती र सम्भावनालाई आधार मानेर शिक्षामा सुधारका मार्गहरू खोज्दैछौँ”, उहाँले भन्नुभयो, “दुई दिनसम्म चल्ने सम्मेलनमा सातै प्रदेशका शिक्षामन्त्री तथा सचिवहरू, संघीय शिक्षा मन्त्रालयका प्रतिनिधिहरू, संसद्का समिति सदस्यहरू, विश्वविद्यालय तथा अनुसन्धान संस्थाका विज्ञहरू, शिक्षक संघ, विद्यार्थी संगठन, नागरिक समाज, सञ्चारकमी र विकास साझेदारको सहभागिता रहनेछ ।”

मन्त्री शर्माका अनुसार सम्मेलनमा शिक्षण विधिमा नवपरिवर्तन, शिक्षा नीति र शासन, समावेशी तथा न्यायसङ्गत शिक्षा, डिजिटल शिक्षाको रूपान्तरण, समुदायको संलग्नता, प्रमाणमा आधारित अनुसन्धान, मधेस प्रदेशका शिक्षासम्बन्धी चुनौती र अवसर तथा स्रोत परिचालनका विषयमा छलफल हुनेछ ।

मन्त्री शर्माले शिक्षा क्षेत्रमा क्रियाशील विज्ञ, शिक्षाविद्, अनुसन्धानकर्ता र शिक्षकहरूलाई कार्यपत्र वा सारांशसहित सक्रिय सहभागिताका लागि आग्रह गर्नुभयो । उहाँले सम्मेलनलाई समावेशी, ज्ञानमूलक र नवप्रवर्तनशील बनाइने उल्लेख गर्नुभयो ।

उहाँका अनुसार सम्मेलनबाट मधेस प्रदेशको शिक्षा नीति कार्यान्वयनमा मार्गदर्शक सुझाव प्राप्त हुने, सङ्घीय शिक्षा नीतिमा योगदान पुग्ने र तीन तहबीच समन्वयात्मक शिक्षा प्रशासनको आधार तयार हुने अपेक्षा गरिएको छ ।

# पाँच महिनामा पाँच लाखभन्दा बढी विदेशी पर्यटक नेपाल आए

काठमाडौँ, १९ जेठ (रासस) ।

सन् २०२५ का पाँच महिनामा पाँच लाखभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार जनवरीदेखि मे महिनासम्म कूल पाँच लाख एक हजार २६४ पर्यटक नेपाल आएका हुन् । मेमा मात्रै ८६ हजार २१६ विदेशी पर्यटक नेपाल आएका छन् । यस्तै, जनवरीमा ७० हजार ९९१, फेब्रुअरीमा ९६ हजार ८८०, मार्चमा एक लाख २१ हजार ८०० र अप्रिल महिनामा एक लाख १६ हजार ४९० विदेशी पर्यटक नेपाल आएका बोर्डले जनाएको छ ।

मे महिनामा सबैभन्दा बढी

***बाँकी अन्तिम पृष्ठमा***

## विश्व समाचार

### विमानमा सर्प : विषालु भाइपरसहित भारतीय तस्कर पक्राउ

मुम्बई, १९ जेठ (रासस/एएफपी) ।

दर्जनौं विषालु सर्प तस्करी गरिरहेका एक यात्रुलाई थाइल्यान्डबाट वित्तीय राजधानी मुम्बईमा उडान भरेर आएपछि रोकिएको भारतीय भन्सार अधिकारीहरूले बताएका छन् । चवालिस वटा इन्डोनेसियाली पिट भाइपरहरू समावेश भएका सर्पहरू ‘चेक-इन ब्यागेजमा लुकाएर राखिएको’ मुम्बई भन्सारले आइतबार राति एक विज्ञप्तिमा बताएको छ । “थाइल्यान्डबाट आएका एक भारतीय नागरिकलाई पक्राउ गरिएको छ”, भन्सारले भन्यो । कुनै विवरण सार्वजनिक नगरिएका ती यात्रुसँग तीन स्पाइडर-टेल्ड हर्न्ड भाइपर पाँच एसियाली कछुवा पनि थिए । यी भाइपर विषालु हुन्छन् तर सामान्यतया चराहरू जस्ता साना शिकारलाई मात्र लक्षित गर्दछन् । मुम्बई भन्सारले जफत गरिएका सर्पहरूका तस्विरहरू जारी गरेको छ । तस्विरमा बाल्टिनमा घुमिरहेका नीलो र पहेँलो सरीसृपहरू समावेश छन् । सर्पहरू मुम्बईमा अपेक्षाकृत असामान्य कब्जा हो । भन्सार अधिकारीहरूले नियमित रूपमा तस्करी गरिएको सुन, नगद, गाँजा वा यात्रुहरूले निलिएका कोकेनको संदिग्ध गोलीको तस्वीरहरू पोस्ट गर्छन् । तर, फेब्रुअरीमा मुम्बई विमानस्थलमा भन्सार अधिकारीहरूले इन्डोनेसिया, मलेसिया र थाइल्यान्डको जङ्गलमा पाइने सानो बाँदर, पाँचवटा सियामाङ गिब्बनसहित एकजना तस्करलाई पनि रोकेका थिए । इन्टरनेसनल युनियन फर कन्जरभेसन अफ नेचरद्वारा खतरामा परेका रूपमा सूचीबद्ध ती साना जीवहरूलाई यात्रुको ट्रली ब्यागभित्र राखिएको प्लास्टिकको टोकरीमा ‘चलाखीपूर्वक लुकाएर’ राखिएको भन्सार अधिकारीहरूले बताए । नोभेम्बरमा भन्सार अधिकारीहरूले थाइल्यान्डबाट आइपुगेका विमानहरूमा १२ वटा कछुवा र एक महिनाअघि चारवटा हर्नबिल चराहरू बोकेका यात्रुलाई समातेका थिए । सेप्टेम्बरमा, अलिगेटर परिवारमा पर्ने एउटा सरीसृप, पाँच किशोर कैमन्ससहित दुई यात्रुहरूलाई पक्राउ गरिएको थियो ।

### प्रतिबन्ध फुकुवा गर्ने औपचारिक सुनिश्चितताका लागि अमेरिकासँग इरानको माग

तेहरान, १९ जेठ (रासस/एएफपी) ।

इरानले आफ्नो आणविक कार्यक्रमलाई लिएर जारी वार्तामा प्रतिबन्ध फुकुवा गर्ने औपचारिक सुनिश्चतता गर्न अमेरिकासँग आग्रह गरेको छ । विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले तेहरानमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, “हामी अमेरिकासँगबाट यो सुनिश्चत हुन चाहन्छौँ कि आणविक प्रतिबन्धहरू प्रभावकारी रूपमा हटाइने छ ।” “अहिलेसम्म अमेरिकी पक्षले यस विषयमा स्पष्ट पार्न चाहेको छैन,” उहाँले भन्नुभयो । संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनमा इरानले युरेनियमको उत्पादन ६० प्रतिशतसम्म बढाएको देखाएको एक दिनपछि ट्रम्पको यो टिप्पणी आएको हो । आणविक वार्तामा सहभागी अमेरिकी राजदूतले गत महिना ट्रम्पको प्रशासनले कुनै पनि संवर्द्धनको विरोध गर्ने बताउनुभएको थियो । स्टीव विटकोफले ब्रेइटबार्ट न्यूजसँग भन्नुभयो, “इरानमा फेरि कहिल्यै पनि संवर्द्धन कार्यक्रम अस्तित्वमा नआउने सुनिश्चितता हुनुपर्ने हाम्रो अन्तिम शर्त हो । इरानमा कुनै संवर्धन हुनेछैन ।” इरानले आफ्नो आणविक कार्यक्रमबारे ‘सम्झौतासहित वा बिना सम्झौता’ युरेनियम संवर्द्धन जारी राख्ने प्रतिबद्धता जनाएको छ । “संयुक्त राज्य अमेरिकाले इरानलाई आणविक सम्झौताको प्रस्ताव पठाएको छ जसलाई ह्वाइट हाउसले इरानको ‘सर्वोत्तम हितमा’ रहेको प्रस्ताव भन्दै स्वीकार गर्न भनेको छ,” अमेरिकी सञ्चार माध्यमहरूले शनिबार रिपोर्ट गरेका छन् । न्यूयोर्क टाइम्सले अमेरिकी कूटनीतिक आदानप्रदानसँग परिचित अधिकारीहरूलाई उद्धृत गर्दै भनेको छ, “यो प्रस्तावले इरानलाई सबै प्रकारका संवर्द्धन रोक्न आह्वान गरेको छ र आणविक शक्ति उत्पादनका लागि क्षेत्रीय समूह गठन गर्न सुझाव दिएको छ ।” ट्रम्पले आफ्नो पहिलो कार्यकाल सन् २०१८ मा अमेरिका बाहिरिएको प्रमुख शक्ति राष्ट्रसँगको सम्झौतालाई प्रतिस्थापन गर्न नयाँ सम्झौताको खोजीमा इरान र अमेरिकाबीच पाँच चरणको वार्ता भइसकेको छ ।

### भारी वर्षापछि भारतमा पहिरोमा परी तीन सैनिकको मृत्यु, ६ जना बेपत्ता

नयाँदिल्ली, १९ जेठ (रासस/एएफपी) ।

उत्तरपूर्वी भारतमा मुसलधारे वर्षापछि आएको भीषण पहिरोमा परी तीन सैनिकको मृत्यु हुनुका साथै अन्य छ जना बेपत्ता भएको भारतीय सेनाले सोमबार जनाएको छ । मनसुनी वर्षाका कारण आएको बाढी र पहिरोका कारण भारतको उत्तरपूर्वी राज्यमा पछिल्लो एक सातामा कम्तीमा ३० जनाको मृत्यु भएको छ । नेपाल र चीनसँग सीमा जोडिएको हिमाली राज्य सिक्किममा आइतबार साँझ गएको पहिरोमा परी सैनिकको मृत्यु भएको हो ।सेनाले एक विज्ञप्ति जारी गर्दै भारी वर्षाका कारण आएको ठूलो पहिरो आइतबार साँझपख सेनाको क्याम्पमा खसेको जनाएको छ । सेनाले सामाजिक सञ्जालमा एक तस्वीर पोस्ट गरेको छ जसमा एक भवन अर्ध-जलमग्न भएको देखिन्छ । भारतमा मनसुनको मौसममा आकस्मिक बाढी आउनु सामान्य हो । योसामान्यतया जुनमा सुरु हुन्छ र सेप्टेम्बरको अन्त्यसम्ममा कम हुन्छ । दक्षिण एसियामा गर्मी बढ्दै गएको छ र हालैका वर्षहरूमा मौसमी अवस्थामा परिवर्तन आएको छ ।

# आवतजावत गर्ने अधिकारको सुनिश्चित गर्न आयोग आग्रह

काठमाडौं, १९ जेठ (रासस)। राष्ट्रिय मानव अधिकार आयोगले नागरिकको आवातजावत गर्ने अधिकारको सुनिश्चित गर्न नेपाल सरकारसँग आग्रह गरेको छ। आमनागरिकको अधिकारमा पर्न जाने असरप्रति संवेदनशील हुँदै यातायातजस्तो अत्यावश्यकीय सेवा बन्द नगर्न आयोगले आग्रह गरेको छ।

"आवागमनलाई सुचारू गर्न एवम् आफ्ना विरोधका कार्यक्रम सञ्चालन गर्दा वैकल्पिक उपायहरूको अवलम्बन गर्न आयोग यातायात व्यवसायीलाई आग्रह गर्दछ," आयोगका प्रवक्ता डा टीकाराम भट्टराईले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "त्यसैगरी कानुन निर्माण गर्दा सम्बन्धित सरोकारवालाहरूसँग पर्याप्त छलफल गर्न, पेसा व्यवसाय सञ्चालनमा देखिएका समस्यालाई वार्ता र संवादको माध्यमबाट समाधान खोज्न जरूरी छ।"

उहाँले यातायात सेवा सुचारू हुने वातावरण सिर्जना गरी सहज रुपमा आवतजावत गर्ने नागरिकको अधिकार सुनिश्चित गर्न आयोग नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षलाई आग्रह गरिएको छ।

गण्डकी प्रदेश सरकारले 'राइड सेयरिङ' सम्बन्धी कानुन ल्याएको भन्दै यातायात व्यवसायीहरूले सातबुँदे मागसहित सार्वजनिक यातायात बन्द गर्दा सर्वसाधारणले आवतजावतमा भोग्नु परेको समस्याप्रति आयोगले सबैलाई सो आग्रह गरेको हो।

गण्डकी प्रदेशका जिल्लाहरूमा गत शुक्रबारदेखि यातायात बन्द हुँदा स्वास्थ्योपचार गराइरहेका बिरामी, ज्येष्ठ नागरिक, शिक्षक सेवाआयोगको परीक्षा दिने परीक्षार्थीहरू, विदेश जान टिकट लिइसकेका व्यक्ति, विद्यालय र क्याम्पस आवतजावत गर्ने विद्यार्थीहरू, कर्मचारीलगायत सर्वसाधारणले सास्ती भोग्नु परेको तथ्य आयोगमा प्राप्त भएको छ।

त्यस्तै, सोमबारदेखि काठमाडौं उपत्यकालगायत देशव्यापी रूपमा सार्वजनिक यातायात बन्द हुँदा आम सर्वसाधारणले आवतजावतमा समस्या भोग्नु परिरहेको समेत आयोगको अनुगमनबाट पाइएको छ। असहमतिका विषयमा शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउनु लोकतन्त्रमा नागरिकको अधिकार भएको र कसैले पनि आफ्नो अधिकारको उपभोग गर्दा नागरिकप्रतिको दायित्वलाई बेवास्ता गर्नु नहुने भन्ने मानव अधिकारको विश्वव्यापी मान्यता रहेको छ।

आयोगले व्यवसायीहरूले यातायात जस्तो अतिआवश्यक सेवा बन्द गर्दा त्यसले आम नागरिकको दैनिक जनजीवन र मानव अधिकारको उपभोगमा प्रत्यक्ष प्रभाव पर्न जान्छ र समस्याको समाधानका लागि विरोध र असहमतिको बाटो अँगाल्नुभन्दा वार्ताको टेबलमा बसी सहमति खोज्नु उपयुक्त हुने उल्लेख छ।

# विद्युत् र सिंचाई क्षेत्र सुधारका लागि विश्व बैंकद्वारा २५ करोड ७० लाख अमेरिकी डलर ऋण स्वीकृत

काठमाडौं, १९ जेठ (रासस)। विश्व बैंकले नेपालका दुईवटा परियोजनाका लागि २५ करोड ७० लाख अमेरिकी डलर बराबर ऋण स्वीकृत गरेको छ।

विश्व बैंकले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै गत मे २९ मा बसेको विश्व बैंक निर्देशक समिति बैठकले उक्त ऋण स्वीकृत गरेको जनाएको हो। नेपालको विद्युत् वितरण प्रणाली सुधार र सिंचाई सेवामा सुधार गरी कृषि उत्पादन बढाउने उद्देश्यका लागि उक्त ऋण सुविधा उपलब्ध गराइएको हो।

जसमध्ये, विद्युत् आपूर्ति प्रणाली सुधार परियोजनाका लागि १२ करोड अमेरिकी डलर ऋण सुविधा लिइएको छ। उक्त रकमबाट कोशी, बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशको विद्युत् वितरण प्रणालीलाई मजबुत र विश्वसनीय बनाइने जनाइएको छ। नेपाल विद्युत् प्राधिकरणमार्फत सञ्चालन हुने आपूर्ति प्रणाली सुधार परियोजनाले सबस्टेसन निर्माण, वितरण संरचनाको स्तरोन्नति तथा त्यसको निगरानी गर्ने स्वचालित प्रणाली विकास गर्ने उद्देश्य राखिएको जनाइएको छ।

त्यस्तै, रानी जमरा कुलरिया सिंचाई आयोजनाको तेस्रो चरण (फेज-३) का लागि १३ करोड ७० लाख अमेरिकी डलर बराबर ऋण स्वीकृत भएको छ। सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा वर्षैभरि सिंचाई सुविधा उपलब्ध गराई कृषि उपजको उत्पादन वृद्धि गर्ने लक्ष्य यो परियोजनाले राखेको छ। यो परियोजनाबाट थप १७ हजार ५०० हेक्टर जमिनमा वर्षभर सिँचाइ सुविधा पुऱ्याइने र यसबाट करिब एक लाख ६० हजार मानिस लाभान्वित हुने ठानिएको छ।

# पविमाबि खेल मैदानमा क्रिकेट खेलाडीका लागि पभेलियन भवन निर्माण हुँदै

**दैनिक समाचाञरदाता राजविराज, १९ जेठ।**

ञराजबिञराजस्थित पविमाविमा क्रिकेट खेलका लागि पभेलियन भवन निर्माण कार्य सुरु भएको छ। क्रिकेट खेलाडीका लागि ड्रेसिङ रूम, बस्ने हल ञर शौचालयसहित भवन निर्माण कार्य भइञरहेको छ।



प्रदेश सञरकाञरको २५ लाखको सहयोगमा स्थानिय उपभोक्ता मार्फत खेलकुद तथा पूर्वाधाञर मन्त्रालयको सहयोगमा सामाजिक बिकास ईकाई कार्यालयको निगञरानीमा निर्माण कार्य अगाडी बढेको छ। असाञर को पहिलो हप्ता भित्रै सम्पन्न गर्ने लक्ष्य ञरहेको उपभोक्ता समितिले जनाएको छ।

### *पाँच महिनामा ...*

भारतबाट २८ हजार एक सय ६०, अमेरिकाबाट नौ हजार ७४, चीनबाट आठ हजार ८२४, बङ्गलादेशबाट चार हजार २८०, संयुक्त अधिराज्य बेलायतबाट तीन हजार ४७३ पर्यटक नेपाल भित्रिएका छन्।

बोर्डका अनुसार मेमा दक्षिण एसियाली मुलुकबाट ३४ हजार ३५०, एसिया र अन्य मुलुकबाट १८ हजार ६९ पर्यटक नेपाल आएका छन्। युरोपबाट १३ हजार ३३० र मध्यपूर्वी मुलुकबाट एक हजार ५१५ पर्यटक भित्रिएका छन्। अघिल्लो वर्ष सन् २०२४ को सोही महिनाको तुलनामा ९५ दशमलव छ प्रतिशतबढी पर्यटक नेपाल भित्रिएका छन्। सन् २०१९ को तुलनामा १११ प्रतिशतले विदेशी पर्यटक आगमनमा बढोत्तरी भएको छ।

### *लक्ष्मीको हत्या ...*

विराटनगर पुगेको र त्यस पछी जिल्ला प्रहरी कार्यालय मोरङमा उजुरी दिएपनि प्रहरीले छानबीनमा वेवास्ता गरेको आरोप लगाए।

उनका अनुसार दिदी झुण्डीएको देखिएपनि खुट्टा भूईमा लत्रेको थियो। यस्तै दुबै पैताला कालो भएको थियो भने शरीरको विभिन्न भागमा निलडाम समेत देखिएको थियो। सुरुमा कुटपीट, त्यस पछी करेन्ट लगाएर मारी झुण्ड्याइएको सहजै अनुमान सबैले गरे पनि प्रहरीले अनुसन्धानमा सक्रियता नदेखाएको उनले भने।

उनले न्यायका लागी परिवारजनले सञ्चारकर्मीसंगै मानवअधिकारकर्मी र सप्तरी प्रहरीलाई समेत भेटेर पहल गरिदिन आग्रह गरेका छन्।

सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले घटनास्थल मोरङ जिल्ला रहेकाले आफू त्यहाँका प्रहरी अधिकारी संग समन्वय गरी सत्यतथ्य अनुसन्धानका लागी पहल गर्ने आश्वासन दिएको परिवारजनले जनाएको छ।

### *पूर्वाधार सहितको ...*

उनले सुविधा सम्पन्न भवन उपलब्ध हुन लागेकाले गुणस्तरीय शिक्षाद्वारा विद्यालयमा विद्यार्थी संख्या बढाउने योजनामा जुट्न प्राध्यापक र शिक्षकसंग आग्रह समेत गरे।

"परम्परागत रुपमा प्रदान गरिएको शिक्षाको ढाँचालाई परिवर्तन गरी प्राविधीक र व्यवसायीक नागरिक उत्पादन गर्ने शिक्षाको खाँचो छ, मन्त्री साहले भने, "यस तर्फ सरकार विभिन्न नीति निर्माण गर्दै अघि बढेको छ।"

उनकै पहलमा शहरी विकास मन्त्रालयबाट जनही १/१ करोडका दरले प्राप्त ४ करोड बजेटबाट सप्तरीको कंचनरुप नगरपालिका स्थित सर्वोदय उच्चमाध्यमिक विद्यालय, आधारभुत विद्यालय बरमझिया, हनमाननगर कंकालिनी नगरपालिका मधवापुर स्थित जनता माध्यमिक विद्यालय तथा सप्तकोशी नगरपालिका स्थित गोबर्द्धन जनता माध्यमिक विद्यालयमा थप नयाँ कक्षा कोठा भवनहरु निर्माण कार्य भईरहेको छ।

अन्तिम चरणमा पुगेको निर्माण कार्यको स्थलगत निरिक्षण गरेका उनले निर्माण कार्यको प्रगति विवरण र गुणस्तरीयताबारे समेत जानकारी लिएका थिए।


## कर्मचारी आवश्यकता

(प्रथप्र. प्रटक प्रकाशित मिति २०८२/०२/१९गते)

जनज्योती कृषि सहकारी संस्था लिमिटेड राजविराज ९ सप्तरीका लागि देहाय बमोजिम खुल्ला प्रतिस्पर्धाबाट प्रद्धपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्द्र) दिनभित्र रीतपूर्वक दरखास्त आह्वान गरिन्छ।

**१) आवश्यक पद, संख्या र योग्यता :**

| विज्ञापन नं | पद | संख्या | उमेर | सेवाको किसिम | योग्यता | वान्छनीय योग्यता |
|---|---|---|---|---|---|---|
| ०१ | सहायक व्यवस्थापक | १ | २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको | करार | व्यवस्थापन वा अर्थशास्त्र विषयमा स्नातक वा सो सरह उतीर्ण गरी सहकारी संघ संस्थामा कम्तिमा २ वर्ष कार्य अनुभव भएको। | कुम्प्युटर सन्चालन सम्बन्धि विशेष दखल भएको, २ पांग्रे सवारी साधनको चालक अनुमति प्राप्त |
| ०२ | लेखा अधिकृत | १ | २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको | करार | व्यवस्थापन वा अर्थशास्त्र विषयमा स्नातक वा सो सरह उतीर्ण गरी सहकारी संघ संस्थामा २ वर्ष कार्य अनुभब | कम्प्युटर सञ्चालन सम्बन्धि विशेष दखल भएको, २ पाँग्रे सवारी साधनको चालक अनुमति प्रमाणपत्र प्राप्त |
| ०३ | लेखा सहायक | १ | २१ वर्ष पुरा भई ४० वर्ष ननाघेका | करार | व्यवस्थापन विषयमा १०+२ तह वा सो सरह उतीर्ण। | कम्प्युटर सञ्चालन सम्बन्धि ज्ञान भएको, २ पाँग्रे सवारी साधनको चालक अनुमति प्रमाणपत्र प्राप्त |
| ०४ | बजार प्रतिनिधि | २ | १८ वर्ष पुरा बुर्ष ४० भुई ननाघेको | करार | एसईई परिक्षा उतीर्ण, सम्बन्धित काममा अनुभव प्राप्त | लेखा सम्बन्धि सामान्य ज्ञान भएको, २ पाँग्रे सवारी साधनको चालक अनुमति प्रमाणपत्र प्राप्त |

२) छनौट प्रक्रिया: लिखित, प्रयोगात्मक र अन्तरवर्ता **(मिति २०८२/०३/०७ शनिवार)**
३) सेवा सुविधा : संस्थाको नियमानुसार
४) दरखास्त दिने स्थान संस्थाको कार्यालय राजबिराज ९ मलेठ
५) आवस्यक कागजातहरु हस्तलिखित दरखास्त, नेपाली नागरिकता प्रमाण प्रत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाण प्रत्रको प्रतिलिपि र अनुभवका प्रमाणहरु।
**६) सम्पर्क मिति २०८२/०३/०६ शुक्रवार**
**थप जानकारीका लागि**
सम्पर्क नं ०३१५९०६०१, ९८०१५४९६०२
जनज्योति कृषि सहकारी संस्था लि. रा.बि.९ मलेठ, सप्तरी

**पदपूर्ति उप समिति**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*